# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, पुस २७ गते २०३४ साल [अतिरिक्ताङ्क ४६

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यादेश नं. १

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## गाउँ पञ्चायत ऐन, २०१८ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: गाउँ पञ्चायत ऐन, २०१८ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "गाउँ पञ्चायत (सातौं संशोधन) अध्यादेश, २०३४" रहेको छ ।

(२) यो अध्यादेश श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. गाउँ पञ्चायत ऐन, २०१८ को दफा ३ मा संशोधन: गाउँ पञ्चायत ऐन, २०१८ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उप-दफा (४) को अन्तिम वाक्यमा रहेको "निर्वाचित" भन्ने शब्दपछि "वा सो दफाको उप-दफा (१२) बमोजिम सहवरण" भन्ने शब्दहरू थपिएका छन् ।

३. मूल ऐनको दफा ७ मा संशोधन: मूल ऐनको दफा ७ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ:-

"(घ) प्रधान पञ्च वा उप-प्रधान पञ्च भएमा,"

४. मूल ऐनको दफा १२ मा संशोधन: मूल ऐनको दफा १२ को,-

(१) उप-दफा (४) को शुरूमा रहेको "प्रत्येक गाउँ पञ्चायतमा" भन्ने शब्दहरूपछि "प्रधान पञ्च र उप-प्रधान पञ्चको अतिरिक्त" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उप-दफा (४) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:-

"(ख) प्रचलित कानूनद्वारा व्यवस्था गरिएका अन्य सदस्यहरू,"

(३) उप-दफा (५) झिकिएको छ ।

(४) उप-दफा (६) को सट्टा देहायको उप-दफा (६) राखिएको छ ।

"(६) उप-दफा (४) को खण्ड (क) बमोजिमको गाउँ पञ्चायतको सदस्यहरू मध्येबाट प्रधान पञ्च र उप-प्रधान पञ्च गाउँ सभाद्वारा कानूनमा व्यवस्था भएबमोजिम निर्वाचित हुनेछन् ।

(५) उप-दफा (६) पछि देहायको उप-दफा (६ क) थपिएको छ:-

"(६ क) गाउँ पञ्चायतको कुनै सदस्य गाउँ पञ्चायतको प्रधान पञ्च वा उप-प्रधान पञ्चमा निर्वाचित वा सहबृत्त भएमा निजको सो सदस्य पद रिक्त हुनेछ ।"

(६) उप-दफा (७) मा रहेको "खण्ड (ख) बमोजिम मनोनीत" भन्ने शब्दहरूको सट्टा "खण्ड (ख) बमोजिमका" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) उप-दफा (८) मा रहेको "अन्य सदस्यको" भन्ने शब्दहरूको सट्टा "उप-दफा (४) को खण्ड (क) बमोजिमका सदस्यको" भन्ने शब्दहरू राखिएका छन्।

(८) उप-दफा (६) झिकिएको छ।

(९) उप-दफा (१२) मा रहेको "कुनै सदस्यको पद" भन्ने शब्दहरूको सट्टा" उप-दफा (४) को खण्ड (क) बमोजिमको सदस्यको पद" भन्ने शब्दहरू राखिएका छन्।

(१०) उप-दफा (१३) झिकिएको छ।

५. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को खण्ड (ग) झिकिएको छ।

६. मूल ऐनमा दफा १४क. थपः मूल ऐनको दफा १४ पछि देहायको दफा १४क. थपिएको छः–

"१४क. प्रधान पञ्च र उप-प्रधान पञ्चको पद रिक्त हुनेः प्रधान पञ्च र उप-प्रधान पञ्च जिल्ला पञ्चायतको सदस्यमा निर्वाचित वा सहवृत्त भएमा निजको प्रधान पञ्च वा उप-प्रधान पञ्चको पद रिक्त हुनेछ।

७. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः–

"१६. शपथ : "गाउँ पञ्चायतका प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्य भएपछि यथासम्भव चाँडो प्रधान पञ्च र उप-प्रधान पञ्चले सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष र अन्य सदस्यहरूले प्रधान पञ्च वा निजको अनुपस्थितिमा उप-प्रधान पञ्च वा दुवैको अनुपस्थितिमा सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष अनुसूचीबमोजिमको शपथ ग्रहण गर्नु पर्नेछ।"

८. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः–

"१८. राजीनामा : प्रधान पञ्चले उप-प्रधान पञ्चछेउ र उप-प्रधान पञ्च तथा गाउँ पञ्चायत र गाउँ सभाको अन्य सदस्यले प्रधान पञ्चछेउ राजीनामा दाखिल गरी पद त्याग गर्न सक्नेछ।"

९. खारेजी : मूल ऐनको दफा ७६ क. खारेज गरिएको छ।

१०. बचाउः यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो अध्यादेश प्रारम्भ हुँदाका बखत गाउँफर्क राष्ट्रिय अभियान समितिबाट गाउँ पञ्चायतमा मनोनीत भई कायम रहेका सदस्यहरू निजहरूको पदावधिभर कायमै रहनेछन्। तर त्यस्तो सदस्यको पद निजको पदावधि बाँकी छँदै बीचमा रिक्त हुन आएमा सो पदको पूर्ति गरिने छैन।

लालमोहर सदर मिति २०३४।६।२७।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यादेश नं. २

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### नगर पञ्चायत ऐन, २०१९ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: नगर पञ्चायत ऐन, २०१९ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "नगर पञ्चायत (छैठौं संशोधन) अध्यादेश, २०३४" रहेको छ ।

(२) यो अध्यादेश श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२ नगर पञ्चायत ऐन, २०१९ को दफा ३ मा संशोधन: नगर पञ्चायत ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उप-दफा (४) को अन्तिम वाक्यमा रहेको "निर्वाचित' भन्ने शब्दपछि " वा सो दफाको उप-दफा (१३) बमोजिम सहवरण" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ७ मा संशोधन: मूल ऐनको दफा ७ को खण्ड (ग) पछि देहायको खण्ड (ग १) थपिएको छ:—

"(ग १) प्रधान पञ्च वा उप-प्रधान पञ्च भएमा,"

४. मूल ऐनको दफा ९ मा संशोधन: मूल ऐनको दफा ९ को,—

(१) उप-दफा (४) को शुरूमा रहेको "प्रत्येक नगर पञ्चायतमा" भन्ने शब्दहरूपछि "प्रधान पञ्च र उप-प्रधान पञ्चको अतिरिक्त" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उप-दफा (४) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:—

"(ख) प्रचलित कानूनद्वारा व्यवस्था गरिएका अन्य सदस्यहरू ।"

(३) उप-दफा (५) झिकिएको छ ।

(४) उप-दफा (७) को सट्टा देहायको उप-दफा (७) राखिएको छ:—

"(७) उप-दफा (४) को खण्ड (क) बमोजिमका सदस्यहरूमध्येबाट प्रधान पञ्च र उप-प्रधान पञ्च नगर सभाद्वारा कानूनमा व्यवस्था भएबमोजिम निर्वाचित हुनेछन् ।"

(५) उप-दफा (७) पछि देहायको उप-दफा (७क) थपिएको छ:—

"(७ क) नगर पञ्चायतको कुनै सदस्य नगर पञ्चायतको प्रधान पञ्च वा उप-प्रधान पञ्चमा निर्वाचित वा सहवृत्त भएमा निजको सो सदस्य पद रिक्त हुनेछ ।"

(६) उप-दफा (८) मा रहेको "खण्ड (ख) बमोजिम मनोनीत" भन्ने शब्दहरूको सट्टा "खण्ड (ख) बमोजिमका" भन्ने शब्दहरू राखिएका छन् ।

(७) उप-दफा (९) मा रहेको "अन्य सदस्यको" भन्ने शब्दहरूको सट्टा "उप-दफा (४) को खण्ड (क) बमोजिमका सदस्य र उप-दफा (६) बमोजिम मनोनीत सदस्यको" भन्ने शब्दहरू राखिएका छन् ।

(८) उप-दफा (१३) मा रहेको "कुनै सदस्यको पद" भन्ने शब्दहरूको सट्टा "उप-दफा (४) को खण्ड (क) बमोजिमको सदस्यको पद" भन्ने शब्दहरू राखिएका छन् ।

(९) उप-दफा (१४) मा रहेको "उप-दफा (४) को खण्ड (ख) वा" भन्ने शब्दहरू झिकिएका छन् ।

५. मूल ऐनको दफा १२ मा संशोधन: मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ:—

"१२. शपथ: नगर पञ्चायतको प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्य भए पछि यथा सम्भव चाँडो प्रधान पञ्च र उप-प्रधान पञ्चले सम्बन्धित जिल्ला न्यायाधीश समक्ष र अन्य सदस्यहरूले प्रधान पञ्च वा निजको अनुपस्थितिमा उप-प्रधान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पञ्च वा दुवैको अनुपस्थितिमा सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष अनुसूची बमोजिमको शपथ लिनु पर्नेछ ।"

६. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ:–

"१३. राजीनामा: प्रधानपञ्चले उप-प्रधान पञ्चछेउ र उप-प्रधान पञ्च तथा नगर पञ्चायत र नगर सभाका अन्य सदस्यले प्रधानपञ्चछेउ राजीनामा दाखिल गरी पद त्याग गर्न सक्नेछ ।"

७. खारेजी: मूल ऐनको दफा ६३क. खारेज गरिएको छ ।

८. बचाउ: यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो अध्यादेश प्रारम्भ हुँदाका बखत गाउँफर्क राष्ट्रिय अभियान समितिबाट नगर पञ्चायतमा मनोनीत भई कायम रहेका सदस्यहरू निजहरूको पदावधिभर कायम रहनेछन् । तर त्यस्तो सदस्यको पद निजको पदावधि बाँकी छँदै बीचमा रिक्त हुन आएमा सो पदको पूर्ति गरिने छैन ।

लालमोहर सदर मितिः– २०३४।६।२७।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६८